बैठक मितिः २०८०/०३/२८

बैठक सङ्ख्याः ३१

छलफल तथा निर्णयः

१. सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय योजना आयोगका अध्यक्ष श्री पुष्पकमल दाहाल "प्रचण्ड" की जीवनसंगिनी प्रथम महिला श्री सिता दाहालको मिति २०८० असार २७ गते भएको असामयिक निधनले परिवार तथा राष्ट्रलाई अपुरणीय क्षति पुगेको छ। यस दुःखद् घडीमा दिवंगत वहाँप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकमा रहनु भएका सम्माननीय प्रधानमन्त्रीज्यू सहित सम्पूर्ण शोकसन्तप्त परिवारजन एवम् आफन्तजन प्रति गहिरो समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त "एन्टी माइक्रोबियल रेजिस्टेन्स राष्ट्रिय कार्ययोजना, २०२३-२०२८" को मस्यौदामा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त "राष्ट्रिय ज्येष्ठ नागरिक नीति, २०८०" को मस्यौदामा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।